27TH OF NOV 2026

यो आकाशवाणी हो

शुरु गरौँ आजका मुख्य समाचारहरुबाट

1. **संसद्को चारदिन विशेष अधिवेशनमा सार्थक बहस गर्न सांसदहरूलाई किरेन रिजिजुको आग्रह**
2. **परम्परागत चिकित्सा पद्धतिलाई वैज्ञानिक अनुसन्धानमार्फत सुदृढ बनाउन राष्ट्रपति मुर्मुको आह्वान**
3. **इफ्फीमा जटिल चरित्र र कथा वाचनको शैलीबारे विशेष कार्यशाला सम्पन्न**
4. **मुस्ताङको श्री जनबल माध्यमिक विद्यालयको पूर्वाधार निर्माणका लागि भारतको 8 करोड 90 लाख नपाली रुपैयाँ सहयोग**
5. **सैयद मोदी ब्याडमिन्टनको महिला एकलमा भारतका, तन्वी र उन्नति सेमिफाइनलमा**

समाचार विस्तारमा

संसद्को चारदिने विशेष अधिवेशनमा सार्थक बहस गर्न सांसदहरूलाई किरेन रिजिजुको आग्रह

केन्द्रीय संसदीय मामिलामन्त्री किरेन रिजिजुले सोमबारदेखि सुरु हुने संसद्को चारदिने विशेष बैठकमा सार्थक बहसमा सहभागी हुन सबै सांसदलाई आग्रह गरेका छन्। नयाँ दिल्लीमा संसद्का दुवै सदनको विशेष बैठकअघि सञ्चारमाध्यमसँग कुरा गर्दै मन्त्री रिजिजुले चार दिनसम्म चल्ने लोकसभाको बैठकमा सरकारले महत्त्वपूर्ण विधायी कार्य अघि बढाउने जानकारी दिए। उनले ती विधेयकहरू डिसेम्बर २ तारिखदेखि सुरु हुने राज्यसभाको बैठकमा पनि अघि बढाइने बताएका छन्। मन्त्री रिजिजुले यस विषयमा प्रमुख राजनीतिक दलका नेताहरूसँग छलफल गरिसकेको र सबै राजनीतिक दललाई सहयोगका लागि आग्रह गरेको जानकारी दिएका छन्। सरकारले स्थापित संसदीय नियम र प्रक्रियाको पालना नगरेको केही सांसदको आरोप अस्वीकार गर्दै उनले महत्त्वपूर्ण विधायी कार्यका लागि संसद्को विशेष बैठक वा अधिवेशन बोलाउन सकिने बताउनुभयो। यसअघि पनि यस्तो अभ्यास हुँदै आएको उनको भनाइ थियो। उनले प्रस्तुत गरिने विधेयकमाथिको छलफलमा सबै राजनीतिक दलका नेता तथा सांसदहरूलाई पूर्ण रूपमा सहभागी हुन आग्रह गरे।

परम्परागत चिकित्सा पद्धतिलाई वैज्ञानिक अनुसन्धानमार्फत सुदृढ बनाउन राष्ट्रपति मुर्मुको आह्वान

राष्ट्रपति द्रौपदी मुर्मुले वैज्ञानिक अनुसन्धान, अभिलेखीकरण तथा संस्थागत सहकार्यका माध्यमबाट भारतका परम्परागत चिकित्सा पद्धतिलाई थप सुदृढ बनाउन आह्वान गरेकीछन्। उनी आज केरलमको त्रिशूरस्थित वैद्यरत्नम आयुर्वेद कलेजको स्वर्ण जयन्ती समारोहको समापन

कार्यक्रममा सम्बोधन गर्दै थिइन्। यस अवसरमा राष्ट्रपति मुर्मुले केरलमको समृद्ध आयुर्वेदिक विरासतको उल्लेख गर्दै शास्त्रीय आयुर्वेदिक ज्ञानको संरक्षण तथा प्रचारप्रसारमा अष्टवैद्य परिवारहरूले पुऱ्याएको योगदानको प्रशंसा गरेइन्। उनले प्राचीन ग्रन्थ, पाण्डुलिपि, उपचार पद्धति तथा परम्परागत अभ्यासहरूको व्यवस्थित रूपमा अभिलेखीकरण गर्नुपर्ने आवश्यकतामा जोड दिजकी थिइन्। राष्ट्रपति मुर्मुले प्रमाणमा आधारित स्वास्थ्य सेवालाई सुदृढ बनाउन आयुर्वेदिक महाविद्यालयहरूले सरकारी संस्थान तथा अन्तर्राष्ट्रिय निकायहरूसँग सहकार्य गरी अनुसन्धान परियोजना सञ्चालन गर्नुपर्ने बताएकी छन्। उनले प्रामाणिक तथा वैज्ञानिक परीक्षणबाट प्रमाणित पञ्चकर्म पद्धतिको विकासमा पनि जोड दिनएकी थिइन्। यस क्षेत्रमा केरलम अन्तर्राष्ट्रिय केन्द्रका रूपमा स्थापित हुन सक्ने सम्भावना रहेको उनको भनाइ थियो। उनले प्रत्येक आयुर्वेदिक संस्थानले विद्यार्थीहरूलाई आधुनिक शिक्षा प्रदान गर्नुका साथै समुदायलाई प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन पनि ध्यान दिनुपर्ने बताएकी छन्।

इफ्फीमा जटिल चरित्र र कथा वाचनको शैलीबारे विशेष कार्यशाला सम्पन्न

57औँ भारतीय अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (इफ्फी) अन्तर्गत आज पानाजीस्थित कला अकादमीमा कथा वाचनको विशिष्ट शैली तथा जटिल चरित्र निर्माणका विषयमा विशेष कार्यशाला आयोजना गरियो। 'ह्वाट इफ द भिलेन इज राइट?' शीर्षकको उक्त सत्रमा तमिल चलचित्र उद्योगका चर्चित निर्माता कार्तिक सुब्बाराज सहभागी भए। चलचित्र समीक्षक सुधीर श्रीनिवासनले सत्रको सञ्चालन गरेका थिए। कार्यशालाका क्रममा कार्तिक सुब्बाराजले नैतिक रूपमा जटिल चरित्र निर्माण गर्ने आफ्नो दृष्टिकोण साझा गर्दै प्रत्येक व्यक्तिको व्यक्तित्वमा असल र खराब दुवै पक्ष रहने बताए। उनका अनुसार कुनै पनि व्यक्ति पूर्ण रूपमा असल वा खराब हुँदैन। महाकाव्यका नायकहरूको चरित्रमा समेत यस्ता विविध पक्ष देख्न सकिने उनले उल्लेख गरे। त्यसैगरी, प्रेम व्यक्त गर्ने कतिपय व्यक्तिले आफ्नो व्यक्तित्वका अँध्यारा पक्ष लुकाउन सक्ने र त्यस्ता पक्ष पहिचान गर्न कठिन हुने उनको भनाइ थियो। उनले सामाजिक परिवेशले पनि व्यक्तिको व्यवहार र निर्णयलाई प्रभावित पार्ने बताए। आफ्नो कथा वाचन शैलीबारे चर्चा गर्दै उनले कुनै व्यक्तिलाई भन्दा पनि व्यवस्थालाई खलनायकका रूपमा प्रस्तुत गर्नु आफूलाई बढी चुनौतीपूर्ण र रोचक लाग्ने बताए। सही र गलत छुट्याउने निर्णय दर्शकमै छाड्ने गरेको उल्लेख गर्दै उनले हिंसाबिना पनि पश्चात्ताप र अपराधबोध व्यक्तिका लागि सजाय बन्न सक्ने बताए।

मुस्ताङको श्री जनबल माध्यमिक विद्यालयको पूर्वाधार निर्माणका लागि भारतको 8 करोड 90 लाख नेपाली रुपैयाँ सहयोग

भारतले नेपालको मुस्ताङ जिल्लास्थित श्री जनबल माध्यमिक विद्यालयको नयाँ भवन, शिक्षक आवास तथा छात्रावास निर्माणका लागि करिब 8 करोड 90 लाख नेपाली रुपैयाँ

आर्थिक सहयोग उपलब्ध गराउने भएको छ। यस परियोजनाको आधारशिला 26 नोभेम्बरमा काठमाडौंस्थित भारतीय दूतावासका उपराजदूत डा. राकेश पाण्डे र घरपझोङ गाउँपालिकाका अध्यक्ष मोहनसिंह लालचनले संयुक्त रूपमा राखेको थिए।
गण्डकी प्रदेशको घरपझोङमा अवस्थित यस परियोजना भारत सरकारको सामुदायिक विकास परियोजनाअन्तर्गत स्थानीय गाउँपालिकामार्फत कार्यान्वयन गरिनेछ। यस पहलअन्तर्गत मुस्ताङ जिल्लामा भारत सरकारको सहयोगमा सञ्चालन हुने यो 18औँ परियोजना हुनेछ।

राष्ट्रवादी कांग्रेस पार्टी–शरद पवार समूहद्वारा लोकसभा सांसदहरूलाई ह्विप जारी

राष्ट्रवादी कांग्रेस पार्टी–शरदचन्द्र पवार समूहले आफ्ना लोकसभा सांसदहरूलाई ह्विप जारी गर्दै 30 नोभेम्बरदेखि सुरु हुने संसद्को विशेष सत्रमा अनिवार्य रूपमा उपस्थित रहन निर्देशन दिएको छ।
पार्टीका मुख्य सचेतक अमोल कोल्हेले जारी गरेको ह्विपमा 30 नोभेम्बरदेखि 4 डिसेम्बरसम्म लोकसभामा विभिन्न महत्त्वपूर्ण विधायी कार्यहरू सञ्चालन हुने उल्लेख गरिएको छ। त्यसैले पार्टीका सबै सांसदलाई सदनमा अनिवार्य रूपमा उपस्थित रहन र पार्टीको आधिकारिक धारणा समर्थन गर्न आग्रह गरिएको छ।
परिसीमन विधेयकका विषयमा पार्टीले सरकारलाई समर्थन गर्न सक्ने चर्चा भइरहेका बेला यो ह्विप जारी गरिएको हो। पार्टीकी कार्यकारी अध्यक्ष सुप्रिया सुलेले सबै राज्यमा लोकसभा सिट संख्या समान रूपमा 50 प्रतिशत वृद्धि गर्ने सर्तमा आफ्नो पार्टीले उक्त प्रस्तावमाथि विचार गर्न सक्ने बताएकी छन्।

भारत–युरोपेली सङ्घबीचको स्वतन्त्र व्यापार सम्झौतामा 16 डिसेम्बरमा हस्ताक्षर हुने

भारतका लागि युरोपेली सङ्घका राजदूत जीन–एरिक पकेले भारत र युरोपेली सङ्घबीचको स्वतन्त्र व्यापार सम्झौता (एफटीए) मा आगामी डिसेम्बरको 16 तारिख प्रधानमन्त्री नरेन्द्र मोदीको ब्रसेल्स भ्रमणका क्रममा औपचारिक रूपमा हस्ताक्षर गरिने बताएका छन्। समाचार एजेन्सीसँगको कुराकानीमा श्री पकेले सम्झौतासम्बन्धी वार्ता पूरा भइसकेको र यो हस्ताक्षरका लागि तयार रहेको जानकारी दिनएका छन्। उनका अनुसार हस्ताक्षरपछि सम्झौताको युरोपेली संसद्बाट समीक्षा गरी अनुमोदन गरिनेछ। श्री पकेले सम्झौता कार्यान्वयनमा आएपछि आयात शुल्कमा ठूलो कटौती हुने बताएका छन्। यसबाट कपडा, खाद्यवस्तु तथा उच्च मूल्यका

उत्पादनलगायत प्रमुख क्षेत्रमा भारतीय निर्यातकर्ता र युरोपेली उपभोक्ता लाभान्वित हुने अपेक्षा गरिएको छ।

सैयद मोदी ब्याडमिन्टनको महिला एकलमा भारतका, तन्वी र उन्नति सेमिफाइनलमा

सैयद मोदी इन्डिया इन्टरनेशनल सुपर 300 ब्याडमिन्टन प्रतियोगितामा भारतका तन्वी शर्मा र उन्नति हुड्डाले महिला एकलको सेमिफाइनलमा स्थान बनाएका छन्। त्यस्तै, गत विजेता त्रिशा जोली र गायत्री गोपीचन्दले महिला युगलको सेमिफाइनलमा प्रवेश गरेका छन्। शीर्ष वरीयताका त्रिशा र गायत्रीले क्वार्टरफाइनलमा फ्रान्सेली जोडीबाट वाकओभर पाएपछि अन्तिम चारमा स्थान सुरक्षित गरेका हुन्।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

1. संसद्को चारदिने विशेष अधिवेशनमा सार्थक बहस गर्न सांसदहरूलाई किरेन रिजिजुको आग्रह
2. परम्परागत चिकित्सा पद्धतिलाई वैज्ञानिक अनुसन्धानमार्फत सुदृढ बनाउन राष्ट्रपति मुर्मुको आह्वान
3. इफ्फीमा जटिल चरित्र र कथा वाचनको शैलीबारे विशेष कार्यशाला सम्पन्न
4. मुस्ताङको श्री जनबल माध्यमिक विद्यालयको पूर्वाधार निर्माणका लागि भारतको 8 करोड 90 लाख नेपाली रुपैयाँ सहयोग
5. सैयद मोदी ब्याडमिन्टनको महिला एकलमा भारतका, तन्वी र उन्नति सेमिफाइनलमा